गाउँ कार्यपालिका वैठक संख्या : ४
मिति : २०७७।७।२७
समय दिनको : ११.०० वजे
स्थान : कैलाश गाउँपालकाको सभा हल

आज मिति २०७७ साल कार्तिक २७ गते कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंकवहादुर मुक्तान ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको तस्रो वैठक तपशिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा देहाय वमोजिम निर्णय गर्दै सम्पन्न भयो ।

तपशिल

| क.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टंकवहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री सुकुमाया थिङ | उपाध्यक्ष | सुकुमाया |
| ३ | श्री पेमा योन्जन | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री राजेन्द्र घिसिङ्ग | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री देवलाल बल | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री छेकु लामा | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री ठुलोकान्छा लामा | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री उदास भोलन | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री सुर्ज बहादुर थिङ | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री सुमन लटौला | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री माणिकलाल मुक्तान | वडाध्यक्ष वडा नं.१० | |
| १३ | श्री फुलमाया सिन्ताङ्ग | कार्यपालिका सदस्य | |
| १४ | श्री राममाया चेपाङ्ग | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी मुक्तान | कार्यपालिका सदस्य | |
| १६ | श्री गोविन्द बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १७ | श्री आशिस प्रजा | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १८ | संगिता प्रजा | कार्यपालिका सदस्य | |
| १९ | रामप्रसाद शर्मा | सदस्य सचिव | |
| २० | श्याम कुमार महतो | स्वास्थ्य शाखा प्रमुख | |

प्रस्तावहरु

१) कोरोना अस्पतालको मेडिकल अधिकृतका लागी प्रोत्साहन भत्ता तथा आवश्यक औजार उपकरण खरिद सम्वन्धमा ।

२) विशेष सभाको मिति तय सम्वन्धमा ।
३) सडक सरसफाइ समितिको वैठक भत्ता वारे ।
(४) कालिटार गोराङ्गदी सडक निर्माणमा इन्धन प्रयोगको लागी वजेट विनियोजन सम्वन्धमा ।
(५) आ.व २०७६।२०७७ को सामुदायिक विद्यालयहरुको वार्षिक लेखापरिक्षणको लागी दरखास्त आव्हान सम्वन्धमा ।
(६) सडकहरुको म्याद सम्वन्धमा (गोगने कालिटार सडक २ महिना र भार्ता सानुडाडाँ खर्क छयाङ्गदुङ्ग सडक )
(७) मा वि विद्यालयको लेखापाल पारिश्रमिक सम्वन्धमा ।
८) सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको सकिएको म्याद थप सम्वन्धमा ।
९) पुनः समिति गठन सम्वन्धमा ।
१०) अनुमती सम्वन्धमा
१२) विविध -

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं ९ मा रहेको कोरोना (कोभिड १९) अस्पतालमा कार्यरत मेडिकल अधिकृतको पारिश्रमिक कम रहेकोले उहाँलाइ थप ...... प्रतिशत अतिरिक्त प्रोत्साहन भत्ता उपलव्ध गराउने निर्णय गरियो । साथै अस्पतालका चाहिने औषधी उपकरण खरिद गर्नको लागी कोरोना नियन्त्रण विशेष कोषवाट ३०००००/- रकम विनियोजन गरि खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको विशेष गाउँ सभा मिति २०७७८।१० गते आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकामा गठन भएको सडक सरसफाइ अध्ययन समितिको वैठक भत्ता र विविध रकम रु ६८७३०। मात्र भत्ता र विविध शिर्षकमा विनियोजन भएको रकम विविध वाट उपलव्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं ३ कालिकाटर देखि गोराङ्गदी दोभान सम्म निर्माण भएको सडकमा रकम रु १६३४३९ र वडा नं ७ को वडा कार्यालय देखि कोथलीटार सडक मर्मतको लागी रकम रु ९९०००। गरि कुल २५२४३९ रकम भैपरी आउने पुजिगत शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको आ.व २०७६।२०७७ सालको वार्षिक लेखापरिक्षणको लागी दर्तावाला लेखारिक्षकहरुलाइ दर्ता हुनको लागी १५ दिने सुचना प्रकाशन गर्ने निर्णय गरियो

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकामा गत आर्थिक वर्षमा वोलपत्र आव्हान भइ निर्माणाधिन अवस्थामा रहेका कोगने कालिकाटार सडक र खोलाखर्क छयाङ्गदुङ्ग सडकको म्याद थप गर्नु पर्ने भएकोले गोगने कालिकाटार सडकको लागी २ महिना र खोलाखर्क छयाङ्गदुङ्ग सडकको लागी १ महिना म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत लेखामा काम गर्ने कर्मचारीहरुलाइ पारिश्रमिकका अतिरिक्त मासिक १००० एक हजार र ~~भ्र्~~ कक्षाका शिक्षिकाहरुको पारिश्रमिकका अलावा ५०० रुपैया थप गर्ने भनि गाउँपालिका स्तरिय शिक्षा समितिवाट निर्णय भइ आएकोमा शिक्षा समितिको उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो साथै उक्त रकम करार सेवा सुल्कवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको म्याद सकिएको र हाल कोराना महामारीको कारण साविकका विव्यवशहरुलाइ तत्काल पुर्नगठन गरि नयाँ गठन गर्न नसकिने अवस्था रहेकोले साविककै विव्यसहरुको म्याद आजैका मितिवाट २ महिना थप गर्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुको नदीजन्य पदार्थहरुका उत्खनन नगर्दा हुने जोखिम न्यनिकरण गर्न जिल्ला विपद व्यवस्थापन समितिवाट प्राविधिक समिति गठन गरि उत्खनन गर्ने प्रयोजनको लागी। नदिजन्य पदार्थहरुको परिमाण एकिन गरि प्रतिवेदन

Scanned with CamScanner

गर्ने उदेश्यले लागी यस गाउँपालिकामा तपशिलका कर्मचारीहरु रहने गरि प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

श्री दिनेश हुमागाई (वन अधिकृत आठौ तह राप्ती डिभिजन कार्यालय मनहरी मकवानपुर) संयोजक
श्री प्रदिपनाथ शर्मा सहायक वन अधिकृत राप्ती डिभिजन कार्यालय मनहरी मकवानपुर) सदस्य
श्री सन्दीप ढकाल इन्जिनयर छैाठौ कैलाश गाउँपालिका सदस्य
श्री एकनाथ वजगाई अधिकृत छैाठौ कैलाश गाउँपालिका सदस्य सचिव

निर्णय नं १०

प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाउँपालिकामा वागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयवाट सशर्त अनुदान र समपुरक अनुदान शिर्षकमा तपशिल वमोजिम रकम प्राप्त भएको र यस कार्यालयवाट विभिन्न मितिमा वोलपत्र आव्हान भएको वोलपत्र आव्हान हुदा तपशिल वमोजिमको रकम वचत भएको , वचत भएको रकमलाइ पून: वोलपत्र आव्हान गर्ने प्रयोजनको लागी वागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सँग अनुमति माग गर्ने निर्णय गरियो ।

| क्र.स | योजनाको नाम | प्राप्त रकम | प्राप्त वजेटको प्रकृति | लागत अनुमान | वोलपत्र आव्हान हुँदा वचत भएको रकम | अनुमती माग गरिएको रकम |
|---|---|---|---|---|---|---|
| १ | रुपराङ्ग सालवास हुदै डाडाखर्क जोडने सडक कैलाश ८ | ३०००००० | प्रदेश शसर्त | २९०६२३६.३३ | १६८१५४८.३४ | १६८१५४८.३४ |
| २ | रातामाटे आमवोटे वागुने हुदै लिक्चे सडक वडा नं १० मकवानपुर | २०००००० | प्रदेश शसर्त | १९३५३८०.३४ | १११९८११ | १११९८११ |
| ३ | डाडावास गोलढगा पोखरी सडक कैलास ५ | २०००००० प्रदेश १०००००० गाउँपलिका गरि ३०००००० | प्रदेश शसर्त | २९०८०२९।३ | ११००७६२.५ प्रदेश सरकारको मात्र वचत भएको गाउँपालिको वचत ५५०३८१.२७ | ११००७६२.५ प्रदेश सरकारको मात्र वचत भएको गाउँपालिको वचत ५५०३८१.२७ |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | माने भन्ज्याङ्ग दमार अल्छे कप्सेरी पकनी सडक योजना कैलाश ७,८,१,२,६ | ९९८५००० | समपुरक | १९९९९९३५.३७ गा.पा लागत साझेदारी सहित | प्रदेशको वचत ६६८४६०१.९ गा.पा | ६६८४६०१.९ |
| ५ | घुमाउने वुकुटी लिक्चे लावती सडक कैलाश ४ | ९९५०००० | समपुरक | १९९९९९१९.६ | प्रदेश वचत ६३७७०४७ | ६३७७०४७ |
| ६ | दुवोखोला गैरिगाउँ मर्याङ्गकोट सिंचाइ योजना कैलाश १० | २०००००० | प्रदेश ससर्त | २००६०८८.९१ | ६३४०६७२८ | ६३४०६७२८ |
| ७ | रंगिन जस्तापाता खरिद | २५००००० | प्रदेश ससर्त | २४९९९९९ | ३५९७४२.६३ | ३५९७४२.६३ |

१२ विविध :

क) यस गाउँपालिकाकामा सूचनाको प्रमुख माध्यामको रुपमा रहेको रेडियो नेपाल लगायत कुनै पनि एफ एमहरु भौगोलिक विकटताका कारण नसुनिने, नवुझिने भएका कारण गाउँपालिकावाशिहरु प्रभावकारी सूचनाको पहूँचवाट वन्चित रहेको विषयलाइ मध्येनजर गर्दै यस गाउँपालिकाको भवन रहेको स्थानमा रहेको एक वटा सामुदायिक एफ एम संचालनको लागी इजाजतपत्र प्राप्त गर्नको लागी सुचना तथा संचार मन्त्रालयमा पहल गर्ने निर्णय गरियो ।

ख) यस गाउपालिकाको लागी खरिद गरिद गरिएको हल्का सवारी साधन संचालनको लागी हल्का सवारी चालकको रुपमा यसै गाउँपालिका वडान १० मा वसोवास गर्ने श्री राजेन्द्र रुम्वालाइ र श्री........... लाइ भान्से पदमा दैनिक ज्यालादारीको रुपमा कामकाज गरेको दिन देखि लागु हुने गरि दैनिक ज्यालादादरीमा कामकाज गर्न लगाउने निर्णय गरियो ।

ग) यस गाउँपालिकाद्धारा खरिद गरिएको विभिन्न साइजका पाइपहरुलाइ विभिन्न वस्तिमा माग संकलन गरि वितरण गर्नको लागी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

घ) यस गाउँपालिकाका विभिन्न वडाहरुमा हाल सम्म विद्युत सेवाको पहुच नपुगेकोले विद्युत सेवा छिटो छरितो रुपमा पुरयाउन आवश्यक भएकोले उक्त कार्य गर्न १० वटा वडामा डिक्स ग्राफर सेट खरिद गर्नु पर्ने भएकोले भैपरी आउने पुजिगत शिर्षकवाट खर्च हुने गरि विनियोजन गर्ने र उक्त कार्य कोटेशनवाट गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

ड) यस गाउँपालिकाका तपशिलमा उल्लेखित सडकहरुमा पर्ने जंगलहरुको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन गर्ने र उक्त मुल्यांकनको लागी लाग्ने रकम आगामी गाउँ सभावाट विनियोजन गर्ने निर्णय गरियो ।

च) यस गाउँपालिकाका सडकहरुमा ग्राभेल गर्ने प्रयोजनको लागी थान २ टिप्पर भाडामा लिन सार्वजनिक सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner